निर्णय नं. -४४

आज मिति २०७७।०१।२२ गते सोमबार यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको वैठक भुम्लु गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

१ श्री गुमानध्वज कुँवर – अध्यक्ष
२ श्री कल्पना कुमारी श्रेष्ठ – उपाध्यक्ष
३ श्री खीर बहादुर श्रेष्ठ – सदस्य
४ श्री कृष्ण कुमार कार्की – सदस्य
५ श्री ज्ञान वहादुर तामाङ – सदस्य
६ श्री लोक बहादुर कुँवर – सदस्य
७ श्री अञ्चल कुमार लामा – सदस्य
८ श्री भरत बहादुर शिवभक्ती – सदस्य
९ श्री रमेश राज खरेल – सदस्य
१० श्री मोतिलाल तामाङ – सदस्य
११ श्री दल बहादुर तामाङ – सदस्य
१२ श्री चित्र बहादुर तामाङ – सदस्य
१३ श्री माया तामाङ – सदस्य
१४ श्री सानुमाया पहरी – सदस्य सानुमाया
१५ श्री उर्मिला वि. क. बराइली – सदस्य
१६ श्री सावित्रा अछामी – सदस्य
१७ श्री बालकृष्ण पहरी – सदस्य
१८ श्री शंकर नेपाली – सदस्य
१९ श्री मदन कुमार बजगाँई – सदस्य सचिव

## प्रस्तावहरुः

१ कोरोना कोषमा थप रकमको व्यवस्था गर्ने सम्बन्धमा ।

२ छानविन समिति गठन सम्बन्धमा

३ स्वास्थ्य प्रयोगशाला सम्बन्धी कार्यविधि २०७६ सम्बन्धमा।

४ चालु बर्षका योजनाको संचालन, अनुगमन तथा भुक्तानी सम्बन्धमा।

५ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्बन्धमा ।

६ विद्यालयहरुको शै.स. २०७६ को अन्तिम नतिजा प्रकाशन तथा विद्यार्थी भर्ना सम्बन्धमा

७ माध्यमिक शिक्षा परीक्षा(SEE) को परीक्षा उपकेन्द्र सिफारिस सम्बन्धमा ।

८ कोभिड १९ विरुद्धको प्रतिकार्य कार्यविधि २०७७ सम्बन्धमा।

## निर्णयहरुः

१ यस गाउँपालिकाको कोरोना कोषमा तपशिल बमोजिमको शीर्षकबाट रकमान्तर गरी रकम थप गर्ने निर्णय गरियो ।

| क्र.स. | संकेत | शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ३ | पोशाक भत्ता पदाधिकारी | ५२०००० | |
| २ | १८ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार | २००००० | |
| ३ | १९ | अन्य सम्पतिको संचालन तथा संभार खर्च | १००००० | |
| ४ | २८ | कर्मचारी तालिम | ७००००० | |
| ५ | २९ | सीप विकास तथा जनचेतना तालिम | ५००००० | |
| ६ | ३२ | कर संकलन अभियान तथा उपभोक्ता समूहलाई योजना संचालन सम्बन्धी जानकारी | ३००००० | |
| ७ | ३३ | खेलकुद कार्यक्रम योजना | १०००००० | |
| ८ | ३८ | नमूना गाउँपालिका अध्ययन भ्रमण | ४००००० | |
| | | | ३७२०००० | |

२ भुम्लु गाउँपालिका वडा नं ८ स्थित भुम्लुटार स्वास्थ्यचौकीमा उपचार गरेको शुल्क लिएको विषयमा विवाद उत्पन्न भई स्थानीय बासिन्दाहरुले २०७७।०१।१८ मा पेश गरेको निवेदन र सो स्वास्थ्य चौकीको व्यवस्थापन

Scanned with CamScanner

समितिको २०७७।०१।१९ को निर्णय बमोजिम उठेको विषयमा छानविन गर्न तपशिल बमोजिमको छानविन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक- उपाध्यक्ष- श्री कल्पना कुमारी श्रेष्ठ

सदस्य- स्वास्थ्य शाखा संयोजक- सु दर्शन भट्टराई

सदस्य- कानूनी सहजकर्ता- श्री चन्द्र बहादुर लामा

३ भुम्लु गाउँपालिका स्वास्थ्य प्रयोगशाला सम्बन्धी कार्यविधि २०७६ स्विकृत गर्ने निर्णय गरियो ।

४ भुम्लु गाउँपालिकाका चालु आ. व. मा संचालित योजनाहरु मध्ये सम्झौता भई सकेका योजनाहरु कोभिड १९ को संक्रमण हुन रोक्ने तोकिएका सावधानीका उपायहरु अवलम्बन गर्दे संचालन गर्ने तथा सम्पन्न भएका योजनाहरुको स्थलगत अनुगमन समेत गरी सम्बन्धित वडा कार्यालयले भुक्तानीको लागि गाउँपालिकाको कार्यालयमा पठाउने व्यवस्था गर्ने निर्णय गरियो ।

५ भुम्लु गाउँपालिकामा यस आर्थिक वर्षमा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु सम्बन्धित वडा कार्यालयको रोहवरमा २०७७।०१।३१ सम्ममा सम्झौता गरी २०७७।०२।३२ सम्ममा सम्पन्न गर्ने गरी संचालन गर्ने निर्णय गरियो ।

६ भुम्लु गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुको शै.स. २०७६ को अन्तिम परिक्षाको नतिजा २०७७।०१।२५ भित्र प्रकाशन गरिसक्ने तथा शैक्षिक सत्र २०७७ को लागि पाठ्यपुस्तकको संख्या अनुमान गर्न सबै विद्यालयले सम्भावित विद्यार्थीहरुको सुची तयार गरी पाठ्पुस्तकको व्यवस्थापन गर्ने निर्णय गरियो ।

७ शैक्षिक सत्र २०७६ को माध्यमिक शिक्षा परीक्षा(SEE) को परीक्षा संचालनको तपशिल बमोजिम केन्द्र र उपकेन्द्र तोक्ने निर्णय गरियो ।

| क स | केन्द्र/उपकेन्द्र | सहभागी हुने विद्यालय | कैफियत |
|---|---|---|---|
| १ | प्रकाश मा वि भुम्लु ८ | श्री शारदा मा वि, भुम्लु ७<br>श्री दुलालेश्वर मा वि, भुम्लु ८ | |
| २ | शारदा मा वि भुम्लु ७ | श्री बाग्देवी मा वि, भुम्लु ५<br>श्री जनता मा वि, भुम्लु ६<br>श्री प्रकाश मा वि, भुम्लु ८ | |
| ३ | श्री दुलालेश्वर मा वि केन्द्र | मण्डनदेउपुर नपा का विद्यालयहरु | |
| ४ | श्री सेतिदेवी मा वि भुम्लु ४,चौवास | श्री सेतिदेवी मा वि, भुम्लु १<br>श्री अरुणोदय मा वि, भुम्लु २ | |
| ५ | श्री अरुणोदय मा वि भुम्लु २ | श्री बनदेवी मा वि बेखसिम्ले<br>श्री सेतिदेवी मा वि काभ्रे | |
| ६ | श्री सरस्वती मा वि, चौरीदेउराली गा पा ९ | श्री सेतिदेवी मा वि भुम्लु ४, याक्पा | |

८ भुम्लु गाउँपालिका कोभिड १९ विरुद्धको प्रतिकार्य कार्यविधि २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner